# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## चुमनुव्री गाउँपालिका
## गोरखा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## चुमनुव्री गाउँपालिका
## गोरखा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## चुमनुब्री गाउँपालिका

## गोरखा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१, जेठ** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

गण्डकी प्रदेश

मितिः२०८१।२।९

प.सं. २०८०।८१

च.नं. ८०

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

चुमनुव्री गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

गोरखा ।

१. **कैफियत सहितको राय** — हामीले गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू ६४ लाख २ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु २७ लाख ७८ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू २ लाख ३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३४ लाख २० हजार, समेत रु ३४ लाख २० हजार रहेको छ । गाउँपालिकाको गतवर्ष सम्म रु. ३ करोड ९७ लाख ४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ४ करोड ३३ लाख २७ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी चुमनुव्री गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(जयराम घिमिरे)

**नायब महालेखापरीक्षक**

चुमनुब्री गाउँपालिका,
गोरखा जिल्ला,

१. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| २९ | २४ | ६४०२ | ० | ५ | २७७८ | २९ | १९ | ३६२३ | २०३ | ० | ३४२० | ० | ० | ३४२० | ० |

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गोरखा | ३९७०४ | ० | ० | ३९७०४ | ० | ३६२३ | ४३३२७ |

३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | दफा १५ | बिल भरपाई | ९९८,००० |
| | | दफा २२ | पदाधिकारी भ्रमण खर्च | ५९५,१४० |
| | | दफा ३२ | संचित कोष दाखिला | ३३६,५४७ |
| | | दफा ४१ | बढी भुक्तानी | ५०,८१५ |
| | | दफा ४३ | सोलार खरिद | ७९८,३४० |
| | चालु वर्षको जम्मा | | | २७७८८४२ |
| | गत विगत वर्षतर्फको | | | |
| | २०७८।७९ | | | |
| | २०७७।७८ | | | |
| | २०७६।७७ | | | |
| | गत विगतको जम्मा | | | |
| | कुल जम्मा | | | |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

परिचय

१ **स्थानीय सञ्चित कोष –**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६९ र ७२ वमोजिम यस गाउँपालकाले वित्तिय हस्तान्तरणवाट प्राप्त अनुदान तथा साहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारवाट सञ्चालन भएको आयोजनाहरु समेतको आय व्यय हिसावको आर्थिक वर्ष २०७९।८० को समग्र सञ्चित कोषको अवस्था निम्नानुसार रहेको छ।

एकिकृत आय व्यय विवरण

| **आयतर्फ** | | | **व्ययतर्फ** | | |
|---|---|---|---|---|---|
| **क्र सं** | **विवरण** | **रकम** | **क्र सं** | **विवरण** | **रकम** |
| **1** | **गत वर्षको जिम्मेवारी** | | १ | **चालु खर्च** | १५५५९२०४१ |
| | क) संचित कोष खाता | १००९४४७७६ | २ | **पूँजीगत खर्च** | ९८४९७९२३ |
| | ख) प्रकोप व्यवस्थापन कोष खाता | ५७०७४६५ | ३ | **निकासा फिर्ता** | |
| | ग) धरौटी खाता | ७७६८०० | | निकासा फिर्ता चालु | २०५५२३५० |
| | घ)विविध खर्च खाता | २५५४३५५ | | निकासा फिर्ता पूजीँगत | २१५८६५५ |
| | ङ)विभाज्य कोष खाता | २६८६२० | ४ | **विषयगत तर्फः** | |
| **2** | राजस्व (आन्तरिक आय) | | | सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | ४०२७९४७० |
| | क) आन्तरिक राजस्व | १११२२०५ | ५ | **कोष खर्च** | |
| | ख) राजस्व बाँडफाँड | ७८०६७४४ | | धरौटी फिर्ता | ९५६००० |
| **3** | संघिय सरकारवाट प्राप्त अनुदान | | | कोष खर्च (प्रकोप व्यवस्थापन तथा अन्य कोष) | ४८०७७२९ |
| | क)वित्तीय समानीकरण अनुदान | ६९५६०००० | | विविध खर्च खाता | १४२००६८३ |
| | ख) सशर्त अनुदान चालु | ११७१२७००० | ६ | **मौज्दात** | |
| | ग)सशर्त अनुदान पुजिगत | ८९५०००० | | क) संचित कोष खाता | ११४३००७०७ |
| **4** | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | ख) धरौटी खाता | २३०७७३५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | क)वित्तीय समानीकरण अनुदान | ६८५८२५० | | ग) विभाज्य कोष खाता | २६८६२० |
| | ख) सशर्त अनुदान चालु | ३४८२००० | | घ) प्रकोप व्यवस्थापन कोष | ८९९७३५ |
| | ग) समपुरक अनुदान | ५०००००० | | ङ) विविध खर्च खाता | ४६३२२९ |
| ५ | **विभिन्न कोषतर्फको आय** | | | | |
| | क) विविध खर्च खाता | १२१०९५५७ | | | |
| | ख)धरौंटी आय | २४८६९३५ | | | |
| ६ | **विषयगत तर्फः** | | | | |
| | सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | ४०२७९४७० | | | |
| | **जम्मा** | **४५५२८४८७७** | | **जम्मा** | **४५५२८४८७७** |

उल्लेखित कारोवारको लेखापरीक्षण समष्टिगत लेखापरीक्षण योजना, इकाइगत लेखापरीक्षण योजना, प्रेसित आर्थिक विवरण, जिन्सी निरिक्षण प्रतिवेदन, व्यवस्थापन प्रतिनिधित्वपत्र एवम् अनुवन्धपत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरणलाई समेत आधार मानी सम्पन्न गरिएको छ। लेखापरीक्षण ऐन,२०७५ को दफा ४ र लेखापरीक्षणका अन्तराष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्यौंल गरेका जोखिममा आधारित स्विकृत लेखापरीक्षण योजनाभित्र रहि लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभुत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणवाट देखिएका व्यहोरा निम्नानुसार छ।

**(क) कार्यालय परिचय –** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ७ वडा १६४८।५ वर्ग कि.मि क्षेत्रफल तथा ९२८९ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य –** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि –** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।६ देखि २०८०।६।१५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि –** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा –** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति –** कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबार, आय – व्यय, सम्पत्ति तथा दायित्वको लेखापरीक्षण सम्पन्न गराएको छ। सो को विस्तृत विवरण अनुसूची १ मा संलग्न छ।

**(ज) लेखापरीक्षणको क्रममा असुली –** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.७६०८४१।० असुल भइ दाखिला प्रमाण पेश भएको छ

| क्र.सं. | विवरण | रकम रु |
|---|---|---|
| १ | नपाउने भ्रमण भत्ता भुक्तानी रकम असली | २१२२५० |
| २ | कर्मचारीको भ्रमण अवधिको दुर्गम भत्ता भुक्तानी रकम | ९९६०० |
| ३ | शिक्षकलाई बढी भुक्तानी भएको स्थानीय भत्ता | ४२५१० |
| ४ | शिक्षकलाई बढी पारिश्रमिक निकासा रकम | १०८३३६ |
| ५ | प्रविधि हस्तान्तरणको लागत साझेदारी वापतको रकम | ८३६०० |
| ६ | कृषिमा ढुवानी बापत बढी भुक्तानी रकम | २०००० |
| ७ | विद्यालयलाई बढी निकासा रकम | १९४५७० |
| | जम्मा | ७६०८४१ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वैक हिसाव मिलान नगरेको –** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण (म.ले.प.फा.नं. २७३) तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको विभिन्न खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको देखिएन। पालिकाले वैक हिसाव मिलान विवरण तयार गरी श्रेष्ता अद्यावधिक गर्नुपर्दछ ।

३ **आन्तरिक नियन्त्रण प्रणाली –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले नगरपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा ७(४) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू- संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।

• निजामती सेवा ऐन, 2049 दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।

• आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिन र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेको,

• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनुपर्दछ।

४ **अनुगमन तथा भ्रमण खर्च –** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष अनुगमन मुल्यांकन तथा भ्रमण खर्च शिर्षकमा रु४१ लाख २५ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ ।

५ **रकमान्तर –** चुमनुव्री गाउँपालिकाको विनियोजन ऐन २०७९ को दफा २ मा कार्यपालिका वडा समिती र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले वचत हुने शिर्षकवाट नपुग हुने शिर्षकमा सार्न सक्नेछ र यसरी रकम सार्दा एक शिर्षकवाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नवढ्ने गरी कुनै एक शिर्षकवाट एक भन्दा वढी शिर्षकमा रकम सार्न सकिने व्यवस्था रहेको छ। । यस पालिकाले गाउँसभावाट विभिन्न १८ खर्च शिर्षकवाट ४ करोड ३१ लाख ७० हजार रकम घटाएर ६६ योजनामा वढाई कार्यक्रम संसोधन मार्फत विभिन्न शिर्षक तथा योजनामा रकमान्तर गरेको छ ।असारमा वजेट तथा कार्यक्रम वनाउदा यसमा पर्याप्त गृहकार्य नगर्नु तथा तोकिएका समितिले प्रभावकारी काम गर्न नसकेको कारण पटक पटक कार्यक्रम संसोधन भएको देखिन्छ।नियममा भएको व्यवस्थाको पालना नभएकोले यसमा सुधार गर्नुपर्ने देखिएको छ।

६ **कार्यक्रमगत प्रगती –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा अनुसूचि २ अनुसारको प्रगति विवरण तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले धेरै कार्यक्रममा शुन्य तथा न्युन प्रगति गरेको छ। पालिकाले पुरा गर्न सक्ने योजनाहरु छनोट गरी कार्यान्वयनमा लैजानुपर्दछ। पालिकाले तय गरेका कार्यक्रम तर्फ शुन्य प्रगति भएका पुँजिगततर्फका योजनाहरुको केही उदाहरण देहायअनुसार छन्:

| सि नं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | गाउँपालिकाको प्रशासकीय भवन निर्माण | ५००० | ० |
| २ | कभर्डहल निर्माण रकम थप | २००० | ० |
| ३ | गाउँपालिकाकाो बृहत एकिकृत गुरुयोजना निर्माण | १५०० | ० |
| ४ | सुरक्षित नागरिक आवास कार्यक्रम | १५०० | ० |
| ५ | गा पा केन्द्रमा कबर्डहल निर्माण शौचालय सहित | ११३५ | ० |
| ६ | गा पा केन्द्रमा कबर्डहल निर्माण शौचालय सहित | १०१० | ० |
| ७ | मेशिनरी औजार खरिद तथा ढुवानी | १००० | ० |
| ८ | बुद्ध मा वि पुस्तकालय निर्माण | १००० | ० |
| ९ | यारच्वाको पेमालिङ गुम्बा मर्मत | ८०० | ० |
| १० | वडा कार्यालय आगन निर्माण योजना | ७०० | ० |
| ११ | प्रविधिमा आधारित शैक्षिक सस्था स्वाचालन प्रणाली विकास | ६५० | ० |
| १२ | लार्के बजार स्वास्थ्य चौकी खानेपानी तथा विद्युत जडान र किचन सामाग्री व्यवस्थापन योजना | ६०० | ० |
| १३ | पालिकाको डिजिटल बोर्ड निर्माण | ५०० | ० |
| १४ | स्यो खानेपानी निर्माण योजना ( विस्तृत परियोजना प्रतिवेदन) | ५०० | ० |
| १५ | न्याक पेवा जाने बाटो निर्माण | ५०० | ० |
| १६ | पाती चर्च निर्माण योजना (क्रमागत) | ५०० | ० |

७ **योजना छनौट तथा कार्यान्वयन –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्ः

| क्र श | विवरण | योजना संख्या | रकम रु |
|---|---|---|---|
| १ | १ लाख भन्दा कमका योजना | १ | ५०००० |
| २ | १ लाख देखि ५ लाख सम्मका योजना | २३ | ८९२०००० |
| ३ | ५ लाख देखि १० लाख सम्मका योजना | १३ | ९२२५२५६ |
| ४ | १० लाख देखि ५० लाख सम्मका योजना | २२ | ४३६३५००० |
| ५ | ५० लाख भन्दा माथीका योजना | २ | २८६१९५६३ |
|  | जम्मा | ६१ | ९०४४९८१९ |

८ **अवण्डा वजेट –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ भने अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २७ मा सन्चित कोषमाथि व्ययभार हुने रकम वाहेकका अन्य रकम आफ्नो वजेटमा व्यवस्था गरी सम्वन्धित व्यवस्थापिकावाट त्यस्तो वजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने उल्लेख छ। यस स्थानीय तहले यो बर्ष भैपरी आउने पुँजिगत शिर्षकमा रु.१ करोड १९ लाख र भैपरी आउने चालु खर्चमा रु. १ करोड ७८ वजेट राखेकोमा कार्यक्रम तोकेको छैन। बजेट अबण्डाको रुपमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ।

९ **चौमासिक पुँजिगत खर्च –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(१) को अनुसूची-२ मा स्वीकृत वार्षिक कार्यक्रममा प्रथम, दोस्रो, तेस्रो र चौथो त्रैमासिकमा सञ्चालन गर्ने गरी कामको परिमाण र खर्च रकम उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले यो वर्ष कुल पूँजीगत खर्च रु.९ करोड ८४ लाख ९७ हजारमध्ये मध्ये तेस्रो चौमासिकमा रु.८ करोड ६९ लाख २५ हजार (

८८.३ प्रतिशत) खर्च गरेको देखिन्छ। असार महिनामा मात्र रु.५ करोड ६६ लाख ८९ हजार (५७.६ प्रतिशत) खर्च गरेको छ। स्वीकृत बजेट तथा कार्यक्रम प्राप्त भएपछि प्रथम त्रैमासिक भित्र खरिद सम्झौता गर्न नसक्दा आर्थिक वर्षको अन्त्यतिर खर्चको भार परेको देखिन्छ। आर्थिक वर्षको अन्त्यमा मात्र काम गराउँदा कामको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी गुणस्तर कायम गर्न समेत कठिनाई पर्ने देखिदा समयमै निर्माण कार्य गराई खर्च गर्नुपर्दछ।

| वजेट उपशिर्षक | कुल खर्च | प्रथम चौमासिक खर्च | दोस्रो चौमासिक खर्च | तेस्रो चौमासिक खर्च | असारको खर्च |
|---|---|---|---|---|---|
| विभिन्न | ९८४९७९२३ | ७६८७१७ | १०८०३८६१ | ८६९२५३४५ | ५६६८९५८९ |
| खर्चको प्रतिशत | १०० | ०.८ | ११. | ८८.३ | ५७.६ |

१० **क्षेत्रगत वजेट र खर्च –** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| | | | | |
|---|---|---|---|---|
| सि नं | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
| १ | आर्थिक विकास | १७७५०००० | १०२९१९३४ | ५७.९८ |
| २ | सामाजिक विकास | १३९५२९२५७ | १०३३२९२५८ | ७४.०६ |
| ३ | पूर्वाधार विकास | ८३७३९७४३ | ६७५७९६६५ | ८०.७ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २२८००००० | १५४५३६५६ | ६७.७८ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२७११८००० | ५७४३५४५० | ४५.१८ |
| | कुल जम्मा | ३९०९३७००० | २५४०८९९६४ | ६४.९९ |

१.१ **कानुन निर्माण –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १२ ऐन, ६ वटा नियमावली, ५ निर्देशिका, २१ कार्यविधि, ५ मापदण्ड, १ दिग्दर्शन र १ आचरसंहिता निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका वाँकी विषयमा कानुन वनाई कार्यान्वयन गर्नुपर्दछ।

१.२ **न्यायिक समिती –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण यो बर्ष ३ मुद्दा दर्ता भएकोमा ३ वटै बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१.३ **सेवा प्रवाह –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता २३१ वटा, मृत्युदर्ता १०६ वटा, , घरवाटो शिफारिश २० वटा, नागरीकता शिफारिश १८२ वटा वसाइसराइ ७ वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ

१.४ **सार्वजनिक सम्पती व्यवस्थापन प्रणालीको प्रयोग –** पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली आंशिक रुपमा लागू गरेतापनि पुर्ण रुपमा लागु नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गर्न सकिएन। नेपाल सरकारको २०७७ कार्तिक २० को निर्णयअनुसार सबै तहको सरकारी कार्यालयको सार्वजनिक कोषको खर्चमा वित्तीय पारदर्शिता र जबाफदेहिता साथै विद्युतीय सुशासन कायम गरी सेवा प्रवाहमा चुस्तता, गुणस्तरीयता र प्रभावकारिता कायम गर्न यस सफ्टवेयर ३ वटै सरकारले लागू गर्नुपर्ने उल्लेख गरेकोमा पालिकाले सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली PAMS पुर्ण रुपमा लागु नगरेकोले खरिद गरेका वस्तु तथा सेवाको अभिलेख तथा संरक्षण सहि तथा यथार्थ छ भन्नेमा विश्वस्त हुन सक्ने अवस्था भएन। यस प्रणाली पुर्ण रुपमा लागु गरी सम्पतीको अभिलेख तथा संरक्षण गर्नुपर्दछ।

१.५ **विल भरपाई –**

....... ***(प्रारम्भिक प्रतिवेदन उपर बिल भरपाई पेश गरेको आधारमा मिति २०८०।११।०८ को निर्णयबाट रु.* ९९८,००० *सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१.६ **अन्य कार्यालयको खर्च –** स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा नियमितता, प्रभावकारीता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्रनुपर्ने व्यवस्था रहेको छ।त्यसैगरी ऐनको दफा ११ मा स्थानीय तहको कार्यक्षेत्रको सम्वन्धमा समेत उल्लेख गरेको छ।पालिकाले यस वर्ष आफ्नो कार्यक्षेत्र भन्दा वाहिरको कार्यालयको लागि वजेटमा व्यवस्था गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र वजेट प्रभावकारी भएको देखिएन।पालिकाको मातहत वाहेकको कार्यालयको

सञ्चालन गर्न सोही कार्यालयको तालुक कार्यालयवाट वजेट व्यवस्थापन हुने र नगरपालिकामा यस प्रकारको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ। यस प्रकार खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| भौ नं | विवरण | रकम |
|---|---|---|
| १९ | जिल्ला समन्वय समितीको कार्यालयका कर्मचारीको अनुगमन भत्ता | ६३३०० |
| ४२ | मालपोत र नापि कार्यालयका कर्मचारीको भ्रमण खर्च भुक्तानी | ५२००० |
| ५७ | जगत स्थित प्रहरी चौकि उद्धाटन खर्च | ५८८५० |
| २५२ | नापि र मालपोत कार्यालय सिर्दिवासका कर्मचारीको भ्रमण खर्च | ६६३७५ |
| | जम्मा | २४०५२५ |

१७ **आन्तरिक लेखापरीक्षण –** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।कार्यालयले यस वर्ष अन्तरसरकारी अख्तियारीतर्फको कोष तथा लेखा नियन्त्रक कार्यालयवाट आन्तरिक लेखापरीक्षण गराएको छ भने पालिकातर्फको आन्तरिक लेखापरीक्षण गराएको छैन। कार्यालयमा आन्तरिक लेखापरीक्षकको दरवन्दी भएता पनि पदपुर्ती नभएको कारण आन्तरिक लेखापरीक्षण हुन नसकेको कार्यालयको भनाई रहेको छ। कार्यालयले समयमै कर्मचारी पदपुर्ती गरी आन्तरिक लेखापरीक्षण गर्नुपर्दछ।

१८ **गैर सरकारी सस्थालाई अनुदान –** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहको काम कर्तव्य अधिकारको व्यवस्था रहेको छ। जुन अधिकारक्षेत्रभित्र रहि पालिकाले मितव्ययी तरिकावाट सार्वजनिक हितको लागि सरकारी रकम खर्च गर्नुपर्दछ। पालिकाले देहायवमोजिम गैरसरकारी सस्थालाई वजेटमा विनियोजन गरी तथा कार्यपालिकावाट निर्णय गरी खाना खाजा, संरचना तथा पुर्वाधार निर्माण तथा कार्यक्रम खर्च वापतको भुक्तानी गरेको छ। गैरसरकारी सस्थालाई अनुदान प्रदान गर्ने सम्वन्धमा कुनै पनि कानुनी आधार रहेको देखिदैन र पालिकावाट समेत कानुन निर्माण गरेको छैन। यसरी कानुनी आधार वेगर गैरसरकारी सस्थालाई भुक्तानी गरेको रकम नियमसम्वत देखिएन। यस प्रकार खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| **गो भौ नं** | **खर्चको विवरण** | **रकम** |
|---|---|---|
| ७४ | तमु ह्युल छोज धि.मु. रा परिषद्लाई ल्यहोसार कार्यक्रम खर्च | ५००००० |
| ८० | लायन्स क्लव अफ गोरखा | २०००० |

| | | |
|---|---|---|
| ३५४ | गोरखा जेसिसको एरिया ख सम्मेलन खर्च | ९९७५० |
| | जम्मा | ६१९७५० |

१९ **अवलोकन भ्रमण** – स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा नियमितता, प्रभावकारीता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले मिति २०८०।०२।०९ देखि ०२।१६ सम्म २८ जना कर्मचारी तथा पदाधिकारीको कास्की, म्याग्दी र मुस्ताङ जिल्लाको अवलोकन भ्रमण वापत रु. ९०५१४२।०० खर्च लेखेको छ। कुल खर्चमध्ये रु.२८७०००।०० गाडीभाडा, रु.६०८३९२।०० खानाखाजा तथा होटलवास खर्च र रु.९७५०।०० अन्य शिर्षकमा खर्च गरेको छ। भ्रमणको उद्देश्य तथा उद्देश्य प्राप्तीको मुल्यांकन नगरी खर्च गर्नु उचित देखिएन। यस्तो खर्च गर्ने परिपाटीमा सुधार गर्नुपर्दछ ।

२० **महोत्सव खर्च** – कार्यालयले सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्दछ।पालिकाले मिति २०८०।०१।०६ देखि ०१।०९ सम्म चुम श्याग्या शताव्दी महोत्सव खर्च वापत चुम उपत्यका अहिंशा श्याग्या शताव्दी महोत्सव मुल समारोह समितीलाई रु.३००००००।०० खर्च लेखेको छ।महोत्सवमा कुल रु ५५४२४०१।०० खर्च भएकोमा पालिकावाट रु.३० लाख, मनास्लु संरक्षण आयोजना कार्यालयवाट रु. १५ लाख र बाँकी रु.१० लाख ४२ हजार आयोजक तथा अन्य संघ सस्थावाट खर्च लेखेको प्रतिवेदन पेश भएको छ। खर्चका विल भरपाई परीक्षण गर्दा उपलव्ध गराएको रकम ढुवानी, अतिथी सत्कार, खाना खाजा तथा होटलवास र पुरस्कार लगायतमा खर्च भएको देखिन्छ। पालिकाले समितीलाई खर्च उपलव्ध गराउने सम्वन्धमा चुम उपत्यका अहिंशा शाग्या शताव्दी महोत्सव खर्च व्यवस्थापन कार्यविधि २०७९ तर्जुमा गरी समितीलाई रकम उपलव्ध गराएको छ।यसप्रकार अनुत्पादक क्षेत्रमा हुने खर्चमा मितव्ययीतता अपनाउनुपर्ने देखिन्छ।

२१ **आन्तरिक आय** – स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको वारेमा व्यवस्था गरेको छ । पालिकाले यस वर्ष विभिन्न सिफारिस तथा सेवा शुल्क दस्तुर वाट रु.११ लाख १२ हजार आन्तरिक आम्दानी गरेको विवरण पेश गरेको छ।पालिकाको कुल चालु खर्च रु.१५ करोड ५५ लाख ९२ हजार रहेकोमा आन्तरिक आयको हिस्सा ०.०७ प्रतिशत मात्र देखिन्छ।पालिकाले आन्तरिक आम्दानीका स्रोतहरुको पहिचान गरी आन्तरिक आम्दानीको दायरा विस्तार गर्नुपर्दछ।

२२ **पदाधिकारी भ्रमण खर्च** –

✂ ....... ***(प्रारम्भिक प्रतिवेदन उपर पदाधिकारी भ्रमण खर्च बढी भुक्तानी गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१४ को निर्णयबाट रु. ५९५,१४० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| अनियमित भएको | ० |

२३ **मेलमिलाप तालिम** – अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका २०७७ को परिच्छेद ७ सवै प्रकारका तालिम गोष्ठी कार्यशाला सम्वन्धि मापदण्डको वुँदा नं ४ मा तालिम केन्द्र वाहेकका निकायवाट तालिम सञ्चालन गर्दा प्रशिक्षक भत्ता भुक्तानी गर्न एउटा कक्षा १ घण्टा ३० मिनेटको हुनुपर्ने व्यवस्था छ।पालिकाले

मेलमिलाप सम्वन्धि तालिम सञ्चालन गर्दा पालिकामार्फत व्यवस्थापकिय कार्य गर्ने र प्रशिक्षणको लागि ग्लोवल एड्भोकेसी नेपालसंग सम्झौता गरी रु.७८३२००।०० खर्च लेखेको छ। पालिकामुकाममा ८ दिनसम्म सञ्चालित तालिममा प्रतिदिन ४ सेशनका दरले ३२ सेशनको प्रशिक्षक भत्ता रु.१०८८००।०० भुक्तानी गर्नुपर्नेमा ४४ शेसनको १४९६००।०० भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम रु.४०८००।०० असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,८०० |

२४ **करकट्टी –** आयकर ऐन २०५८ को दफा ८८ मा सवैप्रकारका सेवा शुल्क भुक्तानीमा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले पालिकाका विभिन्न वडा कार्यालय तथा स्वास्थ्य सस्थामा इन्टरनेट सेवा जडान गरी फास्ट लिंक नेटवर्क एण्ड इलेक्ट्रोनिक्सलाई भौ नं ३१६ वाट रु.४३८६००।०० भुक्तानी गरेकोमा उक्त सेवा प्रदायक मु अ करमा दर्ता नभएको तथा भुक्तानी गर्दा समेत १.५ प्रतिशतका दरले मात्र करकट्टी गरी भुक्तानी भएकोले नपुग कर रु.५९२११।०० असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ। रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५९,२११ |

२५ **कार्यक्रम सञ्चालन पेश्की –** अर्थ मन्त्रालयको नीतिगत मार्गदर्शनमा आन्तरीक नियन्त्रणलाइ प्रभावकारी वनाउनको लागि भुक्तानी दिदा एकाउन्ट पेयी चेक मार्फत सम्वन्धीत फर्म तथा संस्थालाइ भुक्तानी दिनुपर्ने व्यवस्था गरेकोमा कार्यालयले विभिन्न कामको भुक्तानी तथा अन्य कार्यक्रम सन्चालन गर्नको लागि सम्वन्धीत फर्म तथा संस्थालाइ भुक्तानी नदिइ कार्यालयका कर्मचारीलाइ भुक्तानी दिएको छ। सम्वन्धीतलाइ नै भुक्तानी हुने गरी लेखा व्यवस्थापन गर्नुपर्दछ। यसरी कर्मचारीलाइ भुक्तानी दिएका केही उदाहरण देहायअनुसार छन।

| **सि नं** | **शाखा प्रमुख** | **रकम** |
|---|---|---|
| १ | योजना। जिन्सी शाखा प्रमुखलाई भुक्तानी | ३५७९२७२ |
| २ | प्रशासन शाखा प्रमुखप्रमुख लाई भुक्तानी | ३६९४१५७ |
| ३ | शिक्षा शाखा प्रमुख प्रमुखलाई भुक्तानी | १५०३५६४ |
| ४ | कम्प्युटर अपरेटर प्रमुखलाई भुक्तानी | ९८१४४३ |
| ५ | स्वास्थ्य शाखा प्रमुख प्रमुखलाई भुक्तानी | ७३२३६६ |

२६ **दिवा खाजा –** शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।०८० को क्रियाकलाप नं.२.७.११.१ अनुसार विद्यालयको प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ६ सम्म अध्ययनरत बाल बालिकाहरुका प्रति विद्यार्थी दैनिक रु १५ का दरले दिवा खाजा

उपलब्ध गराउने व्यवस्था गरेको छ। पालिकाले यस वर्ष १८ विद्यालयलाई दिवा खाजा वापत विद्यालयले उपलब्ध गराएको तथ्यांकको आधारमा रु. १६३८७५० उपलब्ध गराएको छ। विद्यालयले उपलब्ध गराएको तथा माग गरेको तथ्यांक अनुसार नै खाजा वितरण भए नभएको सम्बन्धमा अनुगमन हुनुपर्दछ।

२७ **छात्रवृत्ती निकासा –** कार्यक्रम कार्यान्वयन पुस्तीका २०७९।८० मा कक्षा १ देखि कक्षा ८ सम्मका छात्रा, दलित विद्यार्थी र सीमान्तकृत विद्यार्थीलाई छात्रावृत्ती उपलब्ध गराउने उल्लेख छ। पालिकाले बुद्ध माध्यामिक विद्यालय र ल्हो माध्यामिक विद्यालयका कक्षा ९ र १० का विद्यार्थीलाई समेत छात्रावृत्ती दिएको पाइयो। बुद्ध मा.वि. लाई रु १६४०० र ल्हो मा.वि. लाई रु ९६०० समेत रु २६००० निकासा गरेकोले कार्यान्वयन पुस्तीका विपरित निकासा भएको रकम असुल हुनुपर्दछ। रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,००० |

२८ **छात्रवृत्ती भरपाई –** पालिकाले सेराङ्गी गुम्बा आधारभूत विद्यालयका २० जना विद्यार्थीलाई रु ८००० छात्रवृत्ती वापतको रकम निकासा गरेकोमा विद्यालयले छात्रवृत्ती वितरण गरेको भरपाई पेश गरेको देखिएन। अतः सो रकम बराबरको छात्रवृत्ती वितरण गरेको विद्यार्थी भरपाई पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,००० |

२९ **सामाजिक परीक्षण –** शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।०८० को क्रियाकलाप नं.२.७.१३.१ मा सामाजिक परीक्षण तथा लेखापरीक्षणको लागि अनुदान उपलब्ध गराउने सम्बन्धी व्यवस्था छ। पालिकाले यस वर्ष २ विद्यालयलाई रु.१५ हजारका दरले र १७ विद्यालयलाई रु. १० हजारका दरले रु. २००००० निकासा दिएकोमा विद्यालयबट सामाजिक लेखापरीक्षण सम्पन्न भएको प्रतिवेदन पालिकामा पेश भएको देखिएन। तसर्थ सामाजिक परीक्षण प्रतिवेदन पेश हुनुपर्दछ। रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

३० **शिक्षक दरबन्दी तथा पदपूर्ति –** पालिकाबाट प्राप्त विवरण अनुसार यस नगरपालिकाभित्र १८ सामुदायिक विद्यालय सन्चालनमा रहेका छन। १८ विद्यालयमा ६० जना शिक्षक स्थायी दरबन्दी रहेकोमा ५४ जना शिक्षक पदपुर्ति भएको छ। उक्त पदपुर्ति मध्ये १९ जना करार र ३५ जना स्थायी दरबन्दीमा कार्यरत छन।

पालिकाले विद्यार्थी तथा शिक्षक अनुपात मिलान हुने गरी शिक्षक दरबन्दी मिलान गरी नपुग हुने शिक्षकमात्र करारतर्फ राख्ने तथा स्थायी पदपुर्तीको लागि शिक्षक सेवा आयोगसँग माग गरी विद्यालयको शैक्षिक गुणस्तरमा सुधारगर्नेतर्फ ध्यान दिनुपर्दछ।

३१ **लाभग्राही अद्यावधिक –** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २६(३) मा एक आर्थिक वर्षसम्म पनि रकम नझिकेमा लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट प्राप्त गरी त्यस्ता लाभग्राहीका

सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्ने योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछीको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिकाले सम्बन्धित बैंकबाट उक्त विवरण लिई छानविन गरेको पाइएन। कार्यविधिमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षा भत्ता पाइरहेका व्यक्तिको मृत्यु भएको वा अन्य कारणले भत्ता प्राप्त गर्न योग्य नभएका व्यक्तिको छानबिन गरी भत्ता रकम फिर्ता दाखिला गर्नु पर्दछ।

३२ **संघीय संचित कोष दाखिला –**

*....... (प्रारम्भिक प्रतिवेदन उपर संचित कोष दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।०८ को निर्णयबाट रु. ३३६,५४७ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३३ **लगत कट्टा –** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को ११(२) मा कुनै लाभग्राहीको मृत्यु भएमा वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानुन बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनु पर्दछ। यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नु पर्दछ। कुनै लाभग्राहीका प्रचलित कानुन बमोजिमका सूचकले घटना दर्ता नगराएको अवस्थामा पनि स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जानकारी कुनै श्रोतबाट पाएमा आवश्यक सत्य तथ्य बुझी वडा कार्यालयले लाभग्राहीको लगत कट्टा गर्नुपर्नेछ। यसरी लगत कट्टा गर्दा स्थानीय तहलाई जानकारी गराई लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्न लाभग्राहीहरुको मृत्युपश्चात तथा बढी निकासा भएको सामाजिक सुरक्षा भत्ता रकममध्ये केही रकम फिर्ता गरेतापनि बाँकी रकम असुल गर्नुपर्ने। रु

यससँग सम्बन्धित विवरण अनुसूचीमा संलग्न छ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,३३४ |

**(विस्तृत विवरण बेरूजु दफा ३३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३४ **स्थानीय दररेट –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिका वा नगरपालिकले आफ्नो क्षेत्रभित्रको कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै तोकी सक्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म पनि ऐनमा व्यवस्था भए अनुसार न्यूनतम दररेट निर्धारण नगरेकोले ऐनमा भएको व्यवस्था अनुसार स्थानीय दररेट कायम गर्नुपर्दछ ।

३५ **वार्षिक खरिद योजना/गुरुयोजना –** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ मा वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद

योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.९ करोड ८४ लाख ९७ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३६ **हस्तान्तरण –** सार्बजनिक खरिद नियमाबली ,२०६४ को नियम ९७(७) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किश्तामा गरेको खर्चको सुचना सार्बजनिक टाँस गर्नुपर्ने, तोकेको अबधि र प्रकृया बमोजिम सामाजिक लेखापरीक्षण गर्नुपर्ने, नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भए पछि सार्बजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्नेमा सो अनुसार गरेको पाईएन । यस्तो प्रकृया नियमानुसार नभएकोले तोकेको प्रकृया पुरा गरि काम गर्ने गराउने व्यबस्था हुनुपर्दछ ।

३७ **ग्याविनमा न्युन विजक –** सावर्जनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा मु.अ.कर, ओभरहेड, कन्टेन्जेन्सी रकम र जनसहभागिता अंश कट्टी गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले भर्जन तारवार जाली निर्माण योजनामा १५३२।२ वर्ग मिटर जाली खरिदको लागि रु.३२५।० दरले भुक्तानी गरेकोमा उपभोक्ता समितिले पेश गरेको विजक अनुसार रु.२६६।० मा मात्र खरिद गरेको देखिएकोले न्युन विजक वापतको रकम रु.९०४००।० को मुल्य अभिवृद्धि कर रकम रु.११७५२।० सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ । रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,७५२ |

३८ **सिमेन्टमा मुल्य अभिवृद्धि कर –** सावर्जनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा मु.अ.कर, ओभरहेड, कन्टेन्जेन्सी रकम र जनसहभागिता अंश कट्टी गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष उपभोक्ता समितिबाट सञ्चालन भएका योजनामा प्रति वोरा सिमेन्टको रु.७३०।० मा मुल्य अभिवृद्धि कर समेत समावेश गरी रु.८२५।० का दरले भुक्तानी गरेको छ । यसरी भुक्तानी भएका देहायबमोजिमका योजनामा कम मुल्यमा सामाग्री खरिद गरेकोले मुल्य अभिवृद्धि कर वापत भुक्तानी भएको रकम रु. ४२७२३।० सम्बन्धित उपभोक्ता समितिबाट असुल दाखिला गर्नुपर्ने रु.

| भौ.नं. | योजनाको नाम | प्रयोग सिमेन्ट (बोरा) | खरिद दर | बढी भुक्तानी | मु.अ.कर |
|---|---|---|---|---|---|
| ५ | सम्दुक छोइलिङ्ग गुम्बा निर्माण | 336 | ६२५ | ३५२८० | ४५८६ |
| ६ | डम्पिङ्गसाईट निर्माण (ल्हो) | 175 | ६२५ | १८३७५ | २३८९ |
| १९ | पाङ्सिङ्ग विद्यालय भवन निर्माण क्रमागत | ६३३ (प्रति वोरा रु.८३०) | ६८० | ९४९५० | १२३४४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३९ | फिलिम फ्राक्पा ढल तथा फ्राक्पा गाउँदेखि योक्नेसम्म पीसीसी निर्माण | 209 | ५७५ | ३२३९५ | ४२११ |
| ५८ | गुम्वा हिमाली विद्यालय किचन निर्माण | 237 | ५६६ | ३८८६८ | ५०५३ |
| ७८ | चुम्लिङ्ग गाउँटोल पिसिसि बाटो निर्माण | 237 | ५७५ | ३६७३५ | ४७७६ |
| ८१ | ल्हो गाउँको सुरुदेखि गेटसम्म पिसिसि बाटो निर्माण | 161 | ५८३ | २३६६७ | ३०७७ |
| ८७ | चिफु गुम्वा ढलान निर्माण योजना | 190 | ५७५ | २९४५० | ३८२९ |
| ९४ | चुम्चेत शौचालय निर्माण क्रमागत | 122 | ५७५ | १८९१० | २४५८ |
| जम्मा | | | | ३२८६३० | ४२७२३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४२,७२३ |

३९ **उपभोक्ता समितिबाट जटिल संरचना निर्माण –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई मेशीन, औजार उपकरण आवश्यक नपर्ने प्रकारका श्रममुलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था छ । पालिकाले आर.सि.सि. फ्रेम स्ट्रक्चरका भवन निर्माण लगाएतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना समेत उपभोक्ता समिति मार्फत गराएको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायिबाट वोलपत्रको माध्यमबाट प्रतिस्पर्धाको विधि अनुसार गराउनु उपयुक्त देखिन्छ ।

| क्र.सं. | उपभोक्ता समितिको नाम | काम | भुक्तानी रकम |
|---|---|---|---|
| 1 | पाङ्गसिङ्ग विद्यालय भवन निर्माण क्रमागत | भवन निर्माण | ४८९७१०४ |
| 2 | लोक्पा क्यान्टिलिभर पूल मर्मत/निर्माण योजना | पुल मर्मत | १७१६९०० |
| 3 | गुम्वा हिमाली विद्यालय किचन निर्माण | भवन निर्माण | १९४०००० |

४० **ग्याविन खरिद –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिद कारबाही तयार गर्दा आवश्यकता पहिचान गरेर खरिद गर्नुपर्ने तथा नियम ५(क) मा सार्वजनिक निकायको प्रमुखले कुनै मालसामान खरिद गर्नु अघि स्पेशिफिकेसन, योजना, डिजाईन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नु वा गराउनुपर्ने

उल्लेख छ । पालिकाले ग्याबिन जाली ३*१*१ का १६० थान, २*१*१ को ५०० थान र १.५*१*१ को ६२ थान ग्याबिन खरिद र ढुवानी वापत मुल्य अभिवृद्धि कर समेत जम्मा रु.३२१२२६७।० मुस्ताङ्ग जि आइ वाएर इन्डष्ट्रिज एण्ड सप्लायर्स प्रा.ली.लाई भुक्तानी गरेको छ । कार्यालयले आवश्यकता एकिन नगरी खरिद गर्दा खरिद गरिएका ग्याबिन जालि लेखापरिक्षणको अवधिसम्म कार्यालय परिसरमा मौज्दात रहेको देखिन्छ । यसरी आवश्यकताको पहिचान नगरी मालसामान खरिद गर्दा एकातर्फ सार्वजनिक कोष माथि व्ययभार थप हुन्छ भने अर्को तर्फ खरिद गरेर प्रयोग नगर्दा कामको प्रभावकारीता नहुने देखिन्छ । खरिद गरिएका जालि तोकिए बमोजिम सम्बन्धित क्षेत्रमा उपयोग भएको देखिने प्रमाण पेश गर्नुपर्दछ । रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३२,१२,२६७ |

४१ **बढी भुक्तानी –**

✍ ....... *(प्रारम्भिक प्रतिवेदन उपर बढि भुक्तानी असुल गरी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।०८ को निर्णयबाट रु. ५०,८१५ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४२ **टुल्स र प्लान्टको भुक्तानी –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा गरिने कार्यको नर्म्स भए त्यस्तो नर्म्सको प्रयोग गर्नुपर्ने उल्लेख छ । पालिकाले ग्वालादेखि नाउकजुमसम्म बाटो निर्माणमा सडक विभागको नर्म्स प्रयोग गरी कार्य गरेकोमा PCC 1:2:4 कार्य ३२.५६ घ.मी. को रु.५०८२२.३७ दरले रु.१६५४५२३।८९ भुक्तानी गरेकोमा नर्म्समा उल्लेख नभएको टुल्स र प्लान्ट वापत प्रति घ.मी. रु.२०१।०४ का दरले रु.६४५६।० भुक्तानी गरेकोले उपभोक्ता समितिको अंश कट्टी गरी बाँकी रकम रु.५८९२।० सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ । रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,८९२ |

४३ **सोलार खरिद –**

✍ ....... *(प्रारम्भिक प्रतिवेदन उपर सोलार खरिद सम्बन्धमा प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१४ को निर्णयबाट रु. ७९८,३४० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४४ **डोजर सञ्चालन –** कार्यालयले आफु र मातहत रहेका स्रोत साधनको अधिकतम प्रतिफल प्राप्त हुने गरी उपयोग गरी आय आर्जन गर्नुपर्दछ । पालिकालाई चीन सरकारको अनुदान सहयोगमा १ थान डोजर प्राप्त भएकोमा उक्त डोजर पालिकासम्म ल्याउदा ढुवानी वापत रु.५६६६१०।० र सर्भिसिङ्ग तथा ट्रेनिङ्ग वापत रु.८४७५०।० समेत रु.६५१३६०।० खर्च लेखेको छ । उक्त डोजर सञ्चालन नगरी सडक छेउमा

पार्किङ गरी राखेको देखिन्छ । पालिकाको मुकाम पुग्ने सडक सञ्जाल वाहेक पालिका स्तरमा अन्य सडक निर्माणको कार्य नभएको अवस्थामा पालिकास्तरका योजनामा उपयोग हुने भएमा उक्त योजनामा प्रयोग गर्नुपर्ने अन्यथा भाडामा लगाउने गरी कार्यविधि तयार गरी पालिकाको आन्तरिक आम्दानी वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४५ **कार्यसम्पन्न प्रतिवेदन –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ अनुसार लागत अनुमान तयार गर्दा खरिद सम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा काम पिच्छे छुट्टै खरिद सम्झौता गर्नुपर्ने, खरिद सम्झौता नवीकरण गर्न पर्ने वा नपर्ने, खरिदका अन्य कुनै विकल्प भए त्यस्तो विकल्प, खरिद सम्झौता बमोजिमको काम सम्पन्न गर्नको लागि लाग्ने अधिकतम रकम तथा समय लगाएतका कुरा विचार गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायबमोजिम योजना बोलपत्र खरिद विधिबाट खरिद गरेको छ । यसरी निर्माण कार्य गर्दा खरिद नियमावलीमा व्यवस्था भएको व्यहोराको विचार नगरी विनियोजन गरेको रकम अनुसार नै लागत अनुमान तयार गर्ने र सोही रकमको कामको आधारमा सम्पन्न प्रतिवेदन तयार गरेको देखियो । जसबाट एकै कामको लागि वार्षिक रुपमा न्युन बजेट विनियोजन हुने, वर्षेनी एकै योजनाको लागि बजेट विनियोजन गर्नुपर्ने, लागत अनुमान/कार्यसम्पन्न प्रतिवेदन तयार गरिरहनु पर्ने तर योजना अधुरो अवस्थामा नै रहने तथा अधुरो कार्यको नै कार्यसम्पन्न भएको देखिने र खरिद प्रक्रिया अवलम्बन गर्दा थप प्रशासनिक खर्च वृद्धि हुने जस्ता जोखिम रहन्छ । अत योजनाको स्वीकृत गर्दा नै बजेट सुनिश्चितता गर्ने र सोही अनुसार योजनाको पुरा लागत अनुमान तयार गरी कार्यसम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| क्र.सं. | योजना | ठेक्का नं. | भुक्तानी रकम | काम बाँकी |
|---|---|---|---|---|
| 1 | वडा नं. ४ प्रशासकिय भवन निर्माण | १-२०७९।८० | 17953775 | प्लाष्टर, रंगरोगन, विद्युतिकरण, फर्निचर आदि । |
| 2 | वडा नं. ३ प्रशासकिय भवन निर्माण | ३-२०७८।७९ | 12939965 | झ्याल, ढोका, रंगरोगन, फर्निचर आदि । |

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : चुमनुव्री गाउँपालिका, गोरखा , चुमनुव्री गाउँपालिका , गोरखा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | मनोज लामिछाने | २०८०-६-१ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | भिमसेन श्रेष्ठ | २०७७-४-१ | २०८०-५-३१ |
| लेखा प्रमुख | गिरिजा प्रसाद रिजाल | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५९१,०७४ | ५९५,१४० | ५,२१६,६०७ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ६,४०२,८२१ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | २,७७८,८४२ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ३,६२३,९७९ |

स्थानीय तह –

| गत बर्षको जिम्मेवारी | | ११०२५२०१६ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | १९५६३७००० | चालु खर्च | १५५५९२०४१ |
| प्रदेश सरकारबाट अनुदान | १५३४०२५० | पूँजीगत खर्च | ९८४९७९२३ |
| राजश्व बाँडफाँट | ७८०६७४४४ | वित्तीय/अन्य व्यवस्था | ८२९५४८८७ |
| आन्तरिक आय | १११२२०५.० | | |
| अन्य आय | ५४८७५९६२ | | |
| कुल आय | ३४५०३२८६१ | कुल खर्च | ३३७०४४८५१ |
| बाँकी मौज्दात | | ११८२४००२६ | |

**बेरूजु दफा ३३ सँग सम्बन्धित विवरण - अनुसूची -२**

लगत कट्टा –

| नाम | नागरिकता नम्बर | मृत्यु भएको मिति | वडानम्बर | सा.सु.किसिम | निकासा भएको रकम | निकासा हुनुपर्ने रकम | बढी निकासा रकम |
|---|---|---|---|---|---|---|---|
| सामदेन लामा | ८१० | २०७९।१२।२५ | ७ | जेष्ठनागरिक | ४८००० | ३५३३३ | १२६६७ |
| वाङग्याल लामा | १९८० | २०७९।११।२६ | ७ | जेष्ठ नागरिक | ३६००० | ३१३३३ | ४६६७ |
| **जम्मा** | | | | | | | **१७३३४** |